# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
५ नं. प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: info@butwalmun.gov.np


प.सं. ०७७/०७८
च.नं.

**बुटवल उपमहानगरपालिका भित्र कार्यक्षेत्र रहेका सबै सहकारी संस्थाहरूलाई**
**साधारण सभा सम्बन्धी सूचना**

मिति : २०७७।०६।२०

प्रस्तुत विषयमा सहकारी संस्था सम्बन्धी ऐन तथा नियमावलीहरूको व्यवस्था बमोजिम सहकारी संस्थाहरूले वार्षिक साधारण सभा सम्पन्न गर्ने सम्बन्धमा कोभिड १९ को कारणले सृजना भएको विसंम परिस्थितिलाई मध्यनजर गरी यो वर्ष (आ.व. २०७६/०७७) को साधारण सभा नेपाल सरकारले जारी गरेको स्वास्थ्य सम्बन्धी सुरक्षा मापदण्डको पुर्ण पालना गरी सम्पन्न गर्न सहजिकरण गर्ने उद्देश्यले सहकारी विभागले २०७७ आश्विन १ को निर्णयबाट जारी भएको सूचनालाई आधार मानी मिति २०७७।०६।१३ को बुटवल उपमहानगरपालिका सहकारी प्रबर्द्धन तथा व्यवस्थापन समितिको निर्णय अनुसार देहाय बमोजिम साधाण सभा सम्बन्धी कार्यहरू गर्न गराउन सबै सहकारी संस्थाहरूको जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

**साधारण सभाको अग्रीम तयारी सम्बन्धी कार्यहरू:**

१. सहकारी ऐन, २०७४ ले तोकेको समयभित्र लेखा परिक्षण सम्पन्न गरी साधारण सभाको लागि तयारी गर्ने

२. समयमै संचालक समितिको बैठक वसी संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रम तर्जुमा गरी साधारण सभाको लागि तयारी अवस्थामा रहने ।

३. साधारण सभाको लागि तयार गरिएको प्रतिवेदन र साधारण सभामा भागलिने माध्याम सम्बन्धी संस्थाको वेभ साईटमा अपलोड गर्ने । यदी सम्बन्धित संस्थाको वेभ साइट नभएमा नियमनकारी निकायको स्वीकृत लिएर सार्वजनिक सूचना प्रशारण गरी प्रतिवेदन र साधारण सभा सम्बन्धी अन्य जानकारी प्राप्त गर्न स्थान र समयको बारेमा शेयर सदस्यहरूलाई सूचित गर्ने ।

४. संचालक समितिले पारित गरी साधारसभाको लागि तयार गरिएको प्रतिवेदन साधारण सभाको कम्तीमा १५ दिन वा सम्बन्धित सहकारी संस्थाको विनियममा तोकिएको समयावधीभर सबै शेयर सदस्यले प्राप्त गरे नगरेको टेलिफोन, इमेल लगायत माध्यमबाट सुनिश्चित गर्ने र सोको अभिलेख राख्ने ।

५. प्रतिवेदन पठाउदा नै सदस्यहरूले प्रतिवेदन माथिको सुझाव, सल्लाह वा संशोधन प्रस्ताव समेत भए सो सहित साधारण सभाको लागि तोकिएको दिनमा उपस्थित हुन वा अगाडि नै लिखित जानकारी गराउन आग्रह गर्ने र सो प्रतिवेदन उपर प्राप्त लिखित सुझाव समेत साधारण सभाको निर्णयमा समावेश गर्ने ।

भुवा प्रसाद लुइटेल
वारिष्ठ अधिकृत

# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
५ नं. प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: info@butwalmun.gov.np


प.सं. ०७७/०७८
च.नं.

**साधारण सभाको कार्यक्रम सम्बन्धी :**

१. साधारण सभा कार्यक्रम विद्युतिय माध्यामबाट संचालन गर्न सकिने छ (गणपुरक संख्याको हकमा भने १५ दिन वा विनियममा तोकेको समय भित्र सदस्यहरूलाई प्रतिवेदन वितरण गर्दा गरिएको हस्ताक्षर अनुरुप तत्काल कायम सदस्यको ५१ प्रतिसत हुनु पर्नेछ) र सम्भव भएसम्म साधारण सभा संचालन अवधिभरको सबै गतिविधिहरू सामाजिक संजाल वा स्थानीय संचार माध्यामबाट प्रत्यक्ष प्रशारण गर्ने व्यवस्था मिलाउने । साथै विद्युतिय माध्यामबाट गरिने साधारसभाको सम्पूण रेकडिङ्ग नियमनकारी निकायमा साधारण सभा सकिएको १५ दिनभित्र पेस गर्नु पर्नेछ ।

२. यदी साधारण सभा विद्युतिय माध्यमबाट संचालन गर्न नसकिने अवस्था भएमा शेयर सदस्य संख्या, सदस्यको फैलावट तथा कार्यक्षेत्र समेतको बिचार गरी बढीमा १५ दिनसम्म वा सहकारी संस्थाको स्वीकृत विनियममा तोकेको समयसम्म साधारण सभा संचालन अवधि कायम राखी उपस्थिति पुस्तिका खुला गर्न सकिने र सदस्यहरूलाई १५ दिनभित्र हस्ताक्षर गर्नका लागि उस्थिति हुने समय र स्थानको जानकारी अग्रीम गराउने । साथै निर्णय पुस्तिकामा हस्ताक्षर गर्न छानिएका प्रतिनिधिहरूलाई सोही समयमा निर्णय पुस्तिकामा समेत हस्ताक्षर गराउने नियमक निकायबाट समेत प्रमाणित गराउने ।

३. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नका लागि कार्यक्रम कै दिनमा प्रतिनिधीहरू चयन गर्ने ।

४. सदस्यहरूले दिएका सुझावहरू समेटी साधारण सभको निर्णय पुस्तिका तयार गर्ने ।

५. साधारण सभामा उपस्थित हुने सदस्यहरूको उपस्थितिको अभिलेखको आधारमा कानून बमोजिमको गणपुरक संख्या पुरा भएमा मात्र साधारण सभाले बैधानिकता पाउनेछ ।

६. नगर सहकारी ऐन, २०७४ को दफा ३०(६) बमोजिम समान कार्यसूचीमा छलफल तथा निर्णय गर्नेगरी इकाईगत रूपमा हुने साधारण सभाको हकमा पनि माथि उल्लेखित बुंदाहरूको पूर्ण पालना गर्ने ।

७. साधारणसभाको अन्तिम निर्णय प्रमाणित गर्नेगरी चुनिएका प्रतिनिधीहरूले सबै इकाईको जम्मा मत सख्यालाई आधार लिई बहुमतको प्रस्ताव पारित हुनेगरी निर्णय प्रमाणित गर्ने ।

८. अन्य व्यवस्था प्रचलित सहकारी ऐन नियम बमोजिम हुने ।

यो व्यवस्था नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले भेला जमघटमा निषेध गरेको अवस्था /स्थानले सदस्यहरू भेला हुन बन्चित भएको समयसम्मको लागि मात्र हुने । र माथि उल्लेखित तत् तत् सरकारले निषेधाज्ञा हटाएमा प्रचलित कानून बमोजिम नै साधारण सभा गर्नु पर्नेछ ।

०७७/६/१०

भुवा प्रसाद लुइटेल
वरिष्ठ अधिकृत